नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१० दायर मितिः-२०८१/०४/०७**

**फैसला मितिः-२०८१/०४/२४**

| वादी | प्रतिवादी |
|---|---|
| नुरहसन मियाँ दर्जीको जाहेरीले नेपाल सरकार.........................१ | जिल्ला पर्सा पकाहामैनपुर गाउँपालिका वडा नं. ३ भिसटोल बस्ने लालबाबु हजरा दुसादको छोरा अं. वर्ष २२ को झुनी भन्ने सरोज पासवान.........१ |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. जाहेरवालालाई गाली गलौज गर्दै हातपात समेत गर्न खोजी अभद्र व्यवहार गरेकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका पानालाल पासवान समेत समेतको घटनाविवरण कागज।
४. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
५. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको ईन्कारी बयान ।
६. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
७. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा प्रतिवादीले ईन्कारी बयान गरेता पनि मिति २०८१।०३।१२ गते गते राती अं. २२:०० बजे देखि मेरो छोरी वर्ष १६ की सल्या खातुन आफ्नै घरबाट हराएकीमा खोजतलासको क्रममा जिल्ला पर्सा पकाहामैनपुर गाउँपालिका वडा नं.३ भिसटोल स्थित श्रीराम चरित्र माध्यमिक विद्यालय नजिक सडक खण्डमा ऐ. १३ गते बिहान अं.०३:०० बजेको समयमा पुग्दा सो ठाउँमा भएको बिपक्षीहरु ऐ. बस्ने संकेत नाम ३४ भिसटोल ०८०।०८१ (D) र झुनी भन्ने सरोज पासवान समेतसँग सोधपुछ गर्दा निजहरु एक्कासी रिस आवेशमा आई म जाहेरवाला उपर अश्लिल शब्दहरु प्रयोग गर्दै हातपात, संघातीक हमलाको प्रयास गरी अङ्गभङ्ग पार्ने कुराहरुको धम्की दिई अभद्र व्यवहारको भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी झुनी भन्ने सरोज पासवानलाई जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र र क्षतिपूर्ती शुल्क रु.२००/- अक्षरेपी दुई सय मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी झुनी भन्ने सरोज पासवानलाई ठहरेको जरिवानाको हकमा र.नं.०९/२०८१/०४/०८ दाखिला गरेको धरौटी रकम रु.५२००/- बाट जरिवाना रु.५०००/-र क्षतिपूर्ती रु.२००/- कट्टी गर्नु --------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिदिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु---------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ श्रावण महिना २४ गते विहीवार रोज ५/ ने.सं. ११४४ गुंलाथ्व चतुर्थी, शुभम् ........